भ्रामक समाचार, हल्ला र अफवाहरूले जसरी जनजिवन अस्त व्यस्त बनाएको थियो, अहिले कोरोना भाईरसको महामारिको अवस्था पनि त्यस्तै छ । हामि सबै मिलेर यसको निराकरणमा महत्वपुर्ण भुमिका खेल्न सक्छौं । यसकालागि हामिले विश्वसनिय एवं स्रोत खुलेका सहि सूचना निर्णायक तहसम्म प्रवाह गर्न सक्छौं ।

Coronavirus CivActs Campaign (CCC) ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

नेपालीहरु इन्डियाबाट नेपलमा सीमाना पार गर्दै

Photo: Dinesh Khabar

असंगठित क्षेत्रमा कामगर्ने कामदार तथा असहायलाई सरकारले दिने राहत प्याकेज

चामल	दाल	नुन	खाने तेल	साबुन	चिनि
३० किलो	३ किलो	२ पाकेट	२ लिटर	४ थान	२ किलो

- असंगठित क्षेत्रमा कार्यरत श्रमिक भन्नाले दैनिक रुपमा कामकाज गरी ज्याला आमदानी गर्ने मज्दुर भन्ने बुझिन्छ ।
- असहाय भन्नाले कसैको लालन पालनमा नरही अशक्त तथा आवास विहिन भई मन्दिर, आश्रम, धर्मशाला, गुम्बा, मस्जिद, गुरुद्वारा, चर्च वा बृद्धाश्रममा बस्ने व्यक्ति भन्ने बुझिन्छ ।
- यो राहत प्याकेज लकडाउन अवधिभरमात्र वितरण हुनेछ । विस्तृत जानकारीको लागि मापदण्ड हेर्नुहोस् ।

हल्ला - तथ्य

गर्भवती तथा सुत्केरी महिला स्वास्थ्यकर्मीहरूलाई कोरोना संक्रमित बिरामीको उपचारमा खटिनु पर्दैन रे नि त ।

स्वास्थ्य विभागले दीर्घ रोगी, गर्भवती एवम सुत्केरी महिलाहरूलाई कोभिड - १९ का बिरामिको प्रत्यक्ष उपचारमा नखटाउनकोलागि परिपत्र जारी गरेको थियो । तर, आजको गम्भीर परिस्थितिमा देशभरका स्वास्थ्य सेवालाई सुचारु गर्नकालागि कुनै पनि कर्मचारीलाई बिदा र काजमा नछोडी नियमित रुपमा उपस्थित हुने व्यवस्था मिलाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निर्देशन दिएको छ । आदेश उलंघन गर्ने र सेवा सञ्चालनमा बाधा पुऱ्याउने चिकित्सक वा स्वास्थ्यकर्मिको विवरण संकलन गरी आवश्यक छानबिन पछि कारवाही अगाडी बढाउने व्यवस्था पनि सरकारले गरेको छ ।

सरकारले चिनबाट ल्याएको सबै स्वास्थ्य सामाग्री फिर्ता जान्छ रे । उपकरणनै नभएपछि स्वास्थ्यकर्मीले फेरी बिरामि जाँचगर्न छोइने होलान नि ?

सरकारले चीनबाट खरिद गरी ल्याएको ऱ्यापिड टेष्ट कीट चिन सरकारले प्रमाणित गरेको कीट हो । जुन विज्ञ टोलीले यसको गुणस्तर निर्क्यौल गरेपछीमात्र सरकारले प्रयोग गर्न अनुमती दिन्छ । सरकारका अनुसार बजारमा अवैध ढंगले ऱ्यापिड कीट भित्र्याई जनमानसलाई भ्रममा पारी परिक्षण गर्न सुरु भईसकेको गुनासो आएपछि सरकारले यसलाई प्रयोग गर्न निर्देशन दिएको विषयलाई सरकारले खरिद गरेको कीटसंग जोडेर बिभिन्न समाचार माध्यममा आएको समाचार भ्रमपुर्ण हो । अहिले सरकारसंग प्रयाप्तमात्रामा स्वास्थ्य उपकरण भएकोले आमनागरिकले बाहिर हल्ला भएबमोजिम डराउनुपर्ने अवस्था छैन ।

नेपाल-भारत सिमामा रहेका दुबै देशका नागरिकले न त आफ्नो देशनै जानपाएका छन् न त उनिहरुको कुनै सुरक्षा नै छ । सरकारले केहि पहल गर्नु पर्दैन ।

दुबै देशको सिमामा अलपत्र रहेका नागरिकलाई लकडाउनको अवधिभरी सिमा वारीपारी गर्न नदिने सहमती नेपाल-भारत उच्चस्तरीय समितिले गरेको छ । सो अवधिभर आ-आफ्नो सिमाक्षेत्रमा रहेका नागरिकको व्यवस्थित क्वारेन्टाईन सहित खानपिनको सम्पुर्ण व्यवस्थापन सम्बन्धीत देशले गर्ने सहमती पनि भएको छ । त्यस पश्चात पनि सिमापारीबाट आउने नेपालीले अनिवार्य भारतमा १४ दिन क्वोन्टाईन बसेर मात्र नेपाल प्रवेश गर्न पाउनेछन् ।

सरकारले सबै व्यापार व्यवसाय, उद्योग खोल्ने अनुमति दियो भन्ने हल्ला सुनिन्छ नि ? के अब सबै पसल खुल्ने भए ? यसले त अँझै जोखिम बढाउला नि ।

सरकारले लकडाउनको समयमा पनि उद्योग र ठुला आयोजनाको काममात्र सञ्चालन गर्ने निर्णय गरेको हो । तामाकोशी, मेलम्ची लगायतका ठुला आयोजनाहरु बाहिरका कामदारलाई प्रवेश नदिई स्थानीय प्रशासनको सहजिकरणमा कामगर्न दिने र कृषिकार्यमा स्थानीय तहसंगको समन्वयमा बाहिरका श्रमिक नल्याई कामगर्न दिने निर्णय सरकारले गरेको हो । अन्य व्यवसायको हकमा भने साविकको निर्णय लागु हुनेछ ।

सूचनाका स्रोतहरु

- विश्व स्वास्थ्य संगठन
- स्वास्थ्य र जनसंख्या मन्त्रालय
- कोभिड-१९ को अवस्थाअ
- जोन्स् होपकिन्स् कोरोना भाइरस स्रोत केन्द्र
- नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय कोरोना भाईरस रोग (COVID – 19) सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकाय
- नेपाल श्रम शक्ति सर्वेक्षण
- सुरक्षित हुन के गर्ने

accountabilitylab NEPAL

मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

साउदी अरब	कुवेत	बहराईन	कतार	युएई	ओमान	मलेसिया	दक्षिण कोरिया
३,५२,६६७ नेपाली	८२,६३० नेपाली	२८,२७६ नेपाली	४,३७,००९ नेपबाली	२३,११,०८८ नेपाली	८,२५० नेपाली	४,६९,१३१ नेपाली	५३,६९१ नेपाली
१८८५ संक्रमित	४१७ संक्रमित	६३४ संक्रमित	९४९ संक्रमित	१,०२४ संक्रमित	२५२ संक्रमित	३११६ संक्रमित	१०,०६२ संक्रमित
	१ नेपाली संक्रमित	३ नेपाली संक्रमित		८ नेपाली संक्रमित			

ShramikSanjal

आप्रवासी कामदारका लागि खाडिका बिभिन्न देशमा भएका निर्णयहरु: नेपाल सरकारले चाहेमा हजारौं नेपाली श्रमिकहरु नेपाल फर्कन सक्छन्

कुवेत

कुवेतले अबैधानिकरुपमा बसीरहेका आप्रवासी कामदारको लागि अप्रिल १ देखी अप्रिल २० सम्म बिना कुनै जरीवाना र हवाई खर्चमा उनिहरुको देश फिर्ता पठाउने निर्णय गरेको छ । नेपाल सरकारले साथ दिएको खण्डमा कुवेतमा हुने धेरै अवैधानिक रुपमा काम गरिरहेका हजारौं नेपाली श्रमिकहरुले यो मौकालाई सदुपयोग गर्नसक्छन् ।

यु.ए.ई.

यु.ए.ई.मा कार्यरत कामदारको भिषा सकीएको छ र उनिहरुले भिषा नविकरण गर्नुपर्ने छ भने ३ महिनासम्म कुनै थप शुल्क वा जरिवाना नलगाउने निर्णय गरेको छ ।

यू.ए.ई सरकारले अहिले धेरै हवाई उडानहरु रोकेको छ, तर पनि आप्रवासी कामदारहरु आफ्नो देश जान चहान्छन् भने त्यसको व्यावस्था मिलाउने बताएको छ । यसकोलागि सम्बन्धीत देशका राजदूतावासको भूमिका रहन्छ । यदी नेपाल सरकारले चहाने हो र व्यावस्था मिलाउने भने हजारौं नेपाली श्रमिकहरु नेपाल फर्कन सक्छन् ।

साउदी अरब

साउदी अरबमा कार्यरत कामदारको भिषा अवधि सकीएको छ भने उनिहरुले कुनै जरिवाना नतिरी भिषा नविकरण गर्नसक्नेछन् । यो सुविधा कामदारले अप्रिल ३० सम्म पाउनेछन । यदी कोरोनाको प्रभाव रहिरहेमा यसै अनुसार समयावधी बढाईने पनि जनाएकोछ ।

accountabilitylab NEPAL

सही सूचना

के सरकार प्रयाप्त जाँच गर्न असफल भइरहेको छ?

संक्रमणको परिक्षण र प्रमाणित केसहरू, प्रति १० लाख व्यक्तिमा



माथिको ग्राफले दक्षिण एसियामा प्रति १० लाख जनसंख्याको तुलना गर्नेहो भने नेपालमा थोरै केसहरू छन् । दक्षिण एसियाका अन्य देशहरू जस्तै, परिक्षण गरिएको संख्या कोभिडको महामारी बाट अति प्रभावित देशहरू भन्दा अति थोरै हो । ईटालीको तुलनामा नेपालमा गरीएको परिक्षण जम्मा १% मात्र हो ।

(Adapted from) Amit Aryal, 2020; COVID-19 tests per million-South Asia

फलो द मनी

बहुपक्षिय दातृसंस्थाहरू

- ए.डि.बि. करिव ७ अर्व २० करोड
- विश्व बैंक करिव ३ अर्व ४८ करोड
- आई.एम.एफ. करिव ९ अर्व ४२ करोड

जम्मा रकम

करिव
२२ अर्व रुपैयाँ

खर्च खै

नेपाल सरकारले छुट्याएको

- १ अर्व ४२ करोड रुपैयाँ संघिय सरकार
- ५६ करोड ५० लाख रुपैयाँ प्रदेश सरकार

accountabilitylab NEPAL

कोभिड - १९ को संकटको बेला मानव अधिकार

महामारीका कारण विश्वलेनै स्वास्थ्य संकटको सामना गरिरहेको छ । देशहरूले सिमानाका बन्द गर्ने देखी लिएर पुरै देश लकडाउन गर्नेसम्मका विशेष उपायहरूको प्रयोग गरिरहेका छन् । हामिले यस पुस्तकै सबैभन्दा ठुलो मध्ये एक चुनौतिको सामना गरिरहेकाछौं । अन्तरराष्ट्रि कानुन अनुसार, संकटको घडिमा मानव अधिकारको पालना गर्नु चाहनामात्र नभएर आवश्यकता हो । आपतकालिन अवस्थामा पनि मानवअधिकार सम्बन्धी दायित्वलाई नजरअन्दाज गर्न भने मिल्दैन ।

के कोभिड - १९ को संकटको समयमा राज्यले नागरिकको अधिकार निलम्बन गर्नसक्छ ?

हो, राज्यले केही संयन्त्रको प्रयोग गर्न सक्छ, जसले नागरिकहरूका अधिकारलाई निलम्बन गर्न सक्छ तर त्यो संविधानसम्मत र अन्तरराष्ट्रिय कानुन बमोजिम हुनुपर्दछ । उदाहरणका लागि: लकडाउनले सर्वसाधारणलाई हिडडुल गर्ने अधिकारबाट बञ्चित गरेको छ तर जन स्वास्थ्य संकटको विशेष परिस्थितिमा यो कदम जायज छ ।

हामिले याद गर्नुपर्ने कुरा:

१ केहि अधिकारहरू आपतकालिक अवस्थामा पनि निलम्बन गर्न मिल्दैन । उदाहरणका लागि: बाँच्ने पाउनुपर्ने अधिकार, हिंसा विरुद्धको अधिकार, शोषण विरुद्धको अधिकार, कानुनको अगाडी व्यक्तिगत पहिचानको अधिकार आदि । यि

२ अधिकारहरू निलम्बन गर्न नमिल्ने अधिकारभित्र पर्दछन् ।
निलम्बन गर्न सकिने अधिकारको सिमितता ।

- भेदभावरहित
- बैधानीक
- आवश्यक
- समानुपातिक / समावेसी

विस्तृत: https://www.refworld.org/docid/453883fd1f.html

संकटकालिन अवस्थामा मानव अधिकारको सम्मान र पालना गर्नु बढि महत्वपुर्ण हुन्छ ।

हामिले मानव अधिकारको आधारभुत सिद्धान्त, विधिको शासन र प्रजातान्त्रीक समाजका मुल्य र मान्यतासंग कुनै पनि सम्झौता नगरी संकटको सामना गर्नु पर्दछ ।
केहि अधिकारहरू संकटको समयमा बढि सान्दर्भिक हुन्छन्, जसको सुनिष्चितता जरुरी छ:

- अभिव्यक्तिको स्वतन्त्रता र महत्वपुर्ण सूचनाको पहुँच ।
- यात्रामा प्रतिबन्ध मौलिक अधिकारको मान्यता बमोजिम हुनुपर्दछ ।
- जोखिम अवस्थामा रहेका व्यक्तिहरू जस्तै: बृद्धबृद्धा,अपांगता भएका व्यक्ति, बन्दि गृहमा रहेका व्यक्ति, बाह्य देशका
- व्यक्ति, वैदेशिक रोजगारीमा रहेका कामदारहरू र दैनिक व्यालादारीमा कामगर्ने कामदारहरू आदिको संरक्षण ।
  संकटकोबेला विभेद विरुद्धको संरक्षण ।
- क्वारेन्टाईन र लकडाउनको पालना गराउने अधिकारीले आचार संहिताको पालना गर्नुपर्ने ।

https://www.ohchr.org/EN/ProfessionalInterest/Pages/LawEnforcementOfficials.aspx

अन्त्यमा:

"संकटको समय हामिले मानव अधिकारको मुल्य र मान्यताबाट टाढा नभागेर यसलाई अपनत्व ग्रहण गरेको पुष्टि गर्ने समय हो ।"
हामिले हामि र हाम्रो समाजलाई मनपर्ने मुल्य मान्यताको सम्मान गर्दै संकटको सामना गर्नुपर्दछ ।
राज्यले आवश्यक परेको खण्डमा कानुन बमोजिम केहि अधिकार निलम्बन गर्नसक्छ । तर, संकटले मानव अधिकारको उलंघनको औचित्य सावित गर्न नसक्छ र राज्यले संकटको समयमा पनि आफुले गर्नुपर्ने कारवाही गर्नेछ । त्यसैले, राज्यले गर्ने कारवाहिमा मानव अधिकारको उलंघन हुदैन भन्ने सुनिश्चित गर्नु पर्दछ ।

बरुण घिमिरे, मानव अधिकार वकिल

मलाई कोरोना भाईरसको संक्रमण देखिएमा के गर्ने ?

COVID-19 हटलाईन सेवा

टोल फ्री हटलाइन
२४ घण्टाटा क्टर परामर्श
१११५ र ११३३

हिंसा र दुरुपयोगको जानकारी
९८०११९३०८८

खाना
१०० र ११३७

यसको परिक्षण कहाँ हुन्छ?

यो रोगको परिक्षण राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकु, काठमाण्डौमा र अन्य सबै प्रादेशिक अस्पतालमा गरिन्छ । संकासपद् बिरामिलाई isolation मा राख्नुपर्ने भएकोले नमुना सम्बन्धीत स्वास्थ्यकार्यालयले संकलन गरेर प्रयोगशालामा पठाउनु पर्ने छ ।

बिरामि आफै प्रयोगशालामा जान मिल्छ कि मिल्दैन ? कति शुल्क लाग्छ?

बिरामि सिधै यस प्रयोगशालामा आउन मिल्दैन ।
यसको परिक्षणकोलागि कुनै शुल्क लाग्दैन ।

रिपोर्ट आउन कति समय लाग्छ?

नमुना प्रयोगशालामा पठाएको २४ देखी ४८ घण्टामा यसको रिपोर्ट लिन सकिन्छ । रिपोर्ट पोजेटिभ देखिएमा सम्बन्धीत अस्पताल र डाक्टरलाई तुरुन्त खबर गरिन्छ ।

यो अंकमा समेटिएका सूचनाहरु बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, र सिभिक एक्सन टिमले यहि मार्च महिना भित्र १२७६ जना व्यक्तिसंगको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

Coronavirus CivActs Campaign is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 01-4429584